**बेनी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

बेनी, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

प.सः २०७८/०७९

च.नः ७६

मितिः२०७८/०३/१०

## सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराउने सम्बन्धी अत्यन्त जरुरी सुचना

प्रस्तुत बिषयमा सामाजिक सुरक्षा (पहिलो संशोधन) नियमावली, २०७७ को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले चालु आ.ब ०७८/०७९ मा पनि नियमित सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न भाद्र मसान्त भित्र परिचय पत्र नविकरण गराउनु हुनको लागि यो सुचना प्रकाशित गरिएको छ । बालबालिका, पुर्ण अपाङ्गता भएका, ९० बर्ष माथि वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजका आमाबुबा, संरक्षक उपस्थित भई नविकरण गराउन सक्नेछ ।

आवश्यक कागजातहरु:

- नागरिता प्रमाणपत्रको प्रतिलिपी,
- पासपोर्ट साईजको २ प्रति फोटो,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको बैंक खाता नम्बर,
- बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, संरक्षकको नागरिता प्रमाणपत्रको प्रतिलिपी,
- अपङ्गता भएका व्यक्तिको हकमा नगरपालिकाबाट जारि भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी,
- असहाय एकल महिलाको हकमा पतिको मुत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडाको सिफारिस,
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेकी ६० बर्ष माथिको हकमा सम्बन्धविच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडाको सिफारिस,

नोट :

- तोकिएको समयमा नविकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।
- नविकरण गर्न मिति कार्तिक मसान्त सम्म भएतापनि भाद्र मसान्त अगावै नविकरण गरिसक्नुहुन अनुरोध छ ।

**बोधार्थ**

**श्री वडा कार्यालय सबै । बेनी नगरपालिका, म्याग्दी**

छबिलाल सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

फोन नं-०६९-५२१०९५/५२०१२०फ्याक्स नं. 069-521095वेबसाइटः www.benimun.gov.np

इमेलः info@benimun.gov.np, benimunicipality@gmail.com फेसबुकःwww.facebook.com/beninagarpalika